मोहन्याल गाउँपालिका

शिक्षक-कर्मचारी आचार संहिता

२०७९

प्रस्तावनाः मोहन्याल गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शिक्षाका उद्देश्य पूर्ण गर्न तथा विद्यालयको शैक्षिक वातावरण सौहार्द्रपूर्ण तुल्याई शिक्षक-कर्मचारीहरुलाई शिक्षण सिकाइ क्रियाकलाप तर्फ उत्प्रेरित गरी गुणस्तरीय शिक्षा प्रदान सँगै विद्यालयमा सुशासन समेत कायम गर्ने उद्देश्यले मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले शिक्षक तथा कर्मचारीहरुको आचार संहिता निर्माण गरेकोछ।

परिच्छेद–१ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो आचार संहिताको नाम "शिक्षक-कर्मचारीको आचार संहिता २०७९" रहेकोछ।

(२) यो आचार संहिता तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,

(क) गाउँपालिका भन्नाले मोहन्याल गाउँपालिकालाई जनाउँछ।

(ख) गाउँ कार्यपालिकाको कार्यालय भन्नाले मोहन्याल गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउँछ।

(ग) "शिक्षक-कर्मचारी" भन्नाले मोहन्याल गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयका सम्पूर्ण स्थायी, करार, राहत, अस्थायी, निजी स्रोतबाट कार्यरत अन्य शिक्षक तथा तथा विद्यालयहरुमा कार्यरत लेखापाल, पाले, कार्यालय सहयोगी लगायत सम्पूर्ण कर्मचारीलाई जनाउँछ।

(घ) "प्रधानान्यापक" भन्नाले विद्यालयमा कार्यरत शिक्षक-कर्मचारीहरुमध्ये विद्यालयमा कार्यालय प्रमुखको रुपमा कार्य गर्ने शिक्षकलाई जनाउँछ।

(घ) "परिवार" भन्नाले शिक्षक-कर्मचारीसँग बस्ने वा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको हजुरबुबा, हजुरआमा तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ।

CamScanner